नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल


संख्या :- ०७८/०७९
पत्र संख्या र मिति :-
च.नं. :- २४०५

(... शाखा)
नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

मिति : २०७९।०३।१०

बिषय : जन्म दर्ता सम्बन्धमा ।

श्री स्थानीय तह सबै ।

घटना दर्तालाई व्यवस्थित बनाउन जन्म, मृत्यु तथा अन्य घटना (दर्ता गर्ने) ऐन, २०३३ र जन्म, मृत्यु तथा अन्य घटना (दर्ता गर्ने) नियमावली, २०३४ चरणबद्ध रुपमा देशभर लागू भएको थियो । हाल राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ हाल कार्यान्वयनमा रहेको छ। कार्यन्वयनको चरणमा देखा परेका समस्या समाधान गर्न समय समयमा परिपत्र तथा निर्देशन मार्फत सहजीकरण गरिदै आएको विदितै छ।

मुलुकी देवानी संहिता, २०७४ को दफा ७० मा विवाह हुन सक्ने व्यवस्था, दफा ७२ मा विवाह बदर हुने सम्बन्धी व्यवस्था उल्लेख छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २१ को उपदफा ३ मा "यस दफामा लेखिएको कुनै कुराले स्वतः बदर हुने विवाहको परिणामबाट जन्मिएका शिशुको जन्म दर्ता गर्नुपर्ने विषयलाई प्रतिकूल असर पार्ने छैन" भन्ने प्रावधान रहेको छ। नेपालको संविधान र बालबालिका सम्बन्धी ऐनले "प्रत्येक बालबालिकाहरूलाई आफ्नो पहिचान सहित नामाकरण र जन्म दर्ताको हक हुनेछ" भन्ने व्यवस्था सहित विद्यमान र अन्य प्रचलित कानुनी व्यवस्थाले बालबालिकाको जन्म दर्तामा बाबु, आमाको नाम राख्दा विवाह दर्ता भएको हुनुपर्ने अनिवार्य कानुनी व्यवस्था नभएकोले बाबु, आमा स्वयम् उपस्थित भई जन्म दर्ता गर्न सकिने हुदाँ मुलुकी देवानी संहिता, २०७४ को दफा ७२ मा स्वतः वदर हुने विवाहको परिणामबाट जन्मिएका शिशुको जन्म दर्ता गर्न कानुनी बाधा नरहेकोले सो सँग सम्बन्धित विषयमा सोही अनुसार हुन अनुरोध छ।

२०७९।३।१०

तिर्थराज भट्टराई
(महानिर्देशक)